तामाकोशी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

| खण्ड १ | संख्या १ | मिति २०७५।०१।२२ |
|---|---|---|

भाग १

## तामाकोशी गाउँपालिका

**नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०७५ सालको ऐन संख्या १**

## प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम **तामाकोशी गाउँपालिकाको सभा**ले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम **प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५** रहेको छ ।

(२) यो ऐन तामाकोशी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि यस गाउँपालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ऐन"** भन्नाले **तामाकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५** सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले तामाकोशी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) **“गाउँपालिका”** भन्नाले तामाकोशी गाउँपालिका सम्झनु पर्छ ।

(घ) **“सभा”** भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) **“संविधान”** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त तामाकोशी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही तामामोशी गाउँ कार्यपालिकाले आवश्यकतानुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५. **खारेजी र बचाऊ :** यो ऐन बन्नु अगाडि कार्यपालिकाबाट भएका प्रशासकीय प्रकृतिका निर्णय र आदेश यसै ऐन बमोजिम भएको मानिनेछ ।

**प्रमाणीकरण मितिः २०७५।०१।२१**

**आज्ञाले,**
**दीपेश कट्टेल**
**प्रमुख प्रशासकीय अधिकृत**